१. विधानको प्रस्तावनामा स्पष्ट भाषामा समाजवादी दर्शन र मूल्य मान्यतालाई उल्लेख गर्न आवश्यक छ, जो हाम्रो विधानको आधार हो र हुनुपर्छ । हाम्रा मुख्य उद्देश्य र दिशा यसले निर्धारण गर्न सक्नुपर्छ । जुन उद्देश्यले सामाजिक, आर्थिक लक्ष्य स्थापित गर्न सकियोस् ।

२. सकेसम्म केन्द्रीय सदस्यहरूको परिवारको सम्पत्ति पार्टीकरण गरेर सामूहिकतामा जान बल गरौँ । यदि तत्काल यो सकिँदैन भने श्रीमती, परिवारका अन्य सदस्यको सम्पत्ति छुट्याएर कमसेकम केन्द्रीय सदस्यहरूको सम्पत्ति पार्टीकरण गर्ने कार्य आजदेखि नै कार्यान्वयन गरौँ । पार्टीलाई समाजवादीकरण दिशामा लैजान पहल गरौँ । नयाँ जनवादी क्रान्तिको तयारीमा पार्टीले केन्द्रीय सदस्यहरूको एक हिस्सा सम्पत्ति पार्टीकरण गरेको हो । केन्द्रीय नेताहरूको यो पहलले पार्टी कार्यकर्ता र जनतामा त्याग, बलिदानको भावना विकास भएको हो । समाजवादी यात्रामा जानका लागि फेरि कमसेकम केन्द्रीय सदस्यहरूमा त्यो त्याग भावनाको विश्वास पैदा गर्न अत्यावश्यक छ । क्रान्तिकारी विचारसँगै क्रान्तिकारी आचरणलाई पनि जोड दिऔँ ।

३. इतिहासका अनुभव र एक्काईसौँ शताब्दीको जनवादको विकासको कार्यान्वयन ढिला भएको छ । जनयुद्धकालमा पारित गरिएको यो विषयलाई ठोस, मूर्तिकृत गर्दै कार्यान्वयन गर्न जरुरी छ । त्यसमा लेखिएको छ:

अनुभवले सावित गरेको छ कि राज्यसत्ता कब्जा गरिसकेपछि पार्टीका तमाम नेता तथा कार्यकर्ताहरू राज्यसत्ता सञ्चालनमा मात्र संलग्न हुँदा भौतिक परिवेशले नै पार्टीलाई क्रमशः नोकरशाही, पदलोलुप र सुविधा सम्पन्न वर्गमा परिणत गर्ने खतरा तीव्र र प्रवल बनेर जान्छ । यस प्रकारको खतराको तीव्रता र प्रवलतासँगै पार्टीको जनसमुदायसँगको सम्बन्ध त्यही अनुपातमा औपचारिक र अलगथलग बन्दै जान्छ । त्यो प्रक्रिया आफ्नो विकासको एउटा निश्चित विन्दुमा पुगिसकेपछि त्यो अनिवार्य रूपले प्रतिक्रान्तिमा बदलिन पुग्दछ । प्रतिक्रान्तिको यस्तो खतरालाई रोक्नका लागि दुई लाइन संघर्ष र निरन्तर क्रान्तिको सिद्धान्तअनुसार पार्टीलाई सर्वहारा वर्ग र श्रमजीवी जनसमुदायको निगरानी, नियन्त्रण र सेवामा राख्ने संगठनात्मक विधि र मान्यतामा अझै विकास गर्न जरुरी छ । यसका लागि पार्टीभित्र चल्ने दुई लाइन संघर्षमा व्यापक जनसमुदायको सहभागिता सुनिश्चित गर्ने तथा सक्षम र स्थापित नेताहरूदेखि कार्यकर्ताहरूसम्मको एउटा हिस्सा निरन्तर जनकार्यमा र अर्को

हिस्सा सत्ता सञ्चालनमा लाग्ने र निश्चित अवधिको अन्तरमा कार्यविभाजनमा हेरफेर गरी सिङ्गो पार्टीको जनसमुदायसँगको सम्बन्धलाई सजीव राख्न विशेष आवश्यक छ।

अहिले उत्पीडित वर्गको राज्यसत्ता कब्जा नगरेको अवस्थामा त झन् प्रमुख नेतृत्वसहित पदाधिकारी, स्थायी समितिका नेताहरू नै सरकारमा पटकपटक जाने, लामो समय रहँदा कम्युनिस्ट पार्टी र आन्दोलनलाई धेरै नै ठूलो क्षति पुऱ्याएको छ। नेपालमा मात्र होइन, विश्व कम्युनिस्ट आन्दोलनलाई नै दिशा दिनका लागि पार्टी अध्यक्ष प्रचण्डले सबैभन्दा बढी मिहिनेत गर्नुपर्ने बेला छ यतिबेला। फराकिलो कम्युनिस्ट अन्तर्राष्ट्रिय बनाउनुपर्छ। नयाँ, विकसित रिम बनाउनुपर्छ। यसका लागि अध्यक्षले तत्काल प्रधानमन्त्री त्यागेर अरु कमरेडलाई अगाडि सारेर एक्काईसौँ शताब्दीको समाजवादी कार्यदिशा निर्माण गर्न पहल बढाउनुपर्छ। एकपटक मन्त्री भइसकेकाहरूलाई हटाएर सबै नयाँ कमरेडहरूलाई मन्त्रीमण्डल लैजाऔं। अनुभवी कमरेडहरूलाई बरु नयाँ मन्त्रीहरूलाई गाइड गर्नका लागि पार्टीमा एउटा संयन्त्र बनाऔँ।

४. यतिबेला नेपालमा वामपन्थी पार्टी र आन्दोलन ठूलो संकटमा छ। समाजवादमा जाने सर्तमा, समाजवादी कार्यदिशा निर्माण गरेर एमालेसहितका सबै वामपन्थी शक्ति र व्यक्तिहरूसँग एकताका लागि पहल बढाऔँ। अधिकतम लचिलो बनेर माओवादी पार्टी र आन्दोलन पुनर्गठनका लागि हात अगाडि बढाऔँ। सरकार, सदन र सडकलाई एकीकृत र व्यवस्थित रूपमा लैजानुपर्छ। सडक र संसारलाई बलियो बनाउनुपर्छ। लाखौँ नेपाली श्रमिकहरू संसारभरि नै रहेकाले पनि त्यहाँको संगठनात्मक कामलाई पनि विशेष जोड दिन आवश्यक छ।

५. पार्टीभित्र प्रत्यक्ष निर्वाचनमा जान जरुरी छ। अध्यक्षसहित सबै पदाधिकारी, स्थायी समिति, केन्द्रीय सदस्य र सबै तहको निर्वाचन प्रत्यक्ष रूपमा गरौँ। यसले पार्टीमा नयाँ नेतृत्वको विकासका लागि ढोका खोल्नेछ।

६. पार्टीभित्र भएका सबै अनियमितता रोक्न अधिकारसम्पन्न उच्चस्तरीय आयोग गठन गर्ने। विधानको पूर्वसन्ध्यामा वैकल्पिक केन्द्रीय सदस्य थपेर यो विधान अधिवेशनलाई नै पङ्गु बनाइयो। जो जो कमरेडहरू बन्नुभयो, न्याय नै भएको छ तर, प्रक्रिया गलत अपनाइयो। अहिले केस थपेर विशेष अधिवेशन पन्छाएको भन्ने देखिँदैन ?